आ.व. २०८२।०८३
बैठक:- नगर कार्यपालिका बैठक
अध्यक्षता:- नगर प्रमुख सन्तोष लाल श्रेष्ठ

बैठक नं. ११।०८२।०८३
मितिः-२०८३।०२।२२ गते
स्थान:- ता.न.पा मिनिहल
समय:- दिनको २.०० बजे

तानसेन नगर कार्यपालिकाको बैठक तानसेन नगरपालिकाका नगर प्रमुख **श्री सन्तोष लाल श्रेष्ठ** ज्युको अध्यक्षतामा देहायका पदाधिकारीहरुको उपस्थितिमा वसी निम्नानुसारको निर्णयहरु सहित सम्पन्न गरियो ।

## उपस्थिति

| उपस्थिति | नाम थर | पद | ठेगाना | कार्यपालिका |
|---|---|---|---|---|
| | श्री सन्तोषलाल श्रेष्ठ | नगर प्रमुख | ता.न.पा. २ | अध्यक्ष |
| | श्री प्रतिक्षा सिंजाली | नगर उपप्रमुख | ता.न.पा. ४ | सदस्य |
| | श्री यादव सिंह कार्की | वडा अध्यक्ष (प्रवक्ता) | ता.न.पा.११ | सदस्य |
| | श्री सुनिल कुमार बस्याल | वडा अध्यक्ष | ता.न.पा. १ | सदस्य |
| | श्री महेश्वर श्रेष्ठ | वडा अध्यक्ष | ता.न.पा २ | सदस्य |
| | श्री वावुरत्न शाक्य | वडा अध्यक्ष | ता.न.पा ३ | सदस्य |
| | श्री हेमन्तराज शाक्य | वडा अध्यक्ष | ता.न.पा. ४ | सदस्य |
| | श्री राम बहादुर रावल | वडा अध्यक्ष | ता.न.पा ५ | सदस्य |
| | श्री सागरमान महर्जन | वडा अध्यक्ष | ता.न.पा.६ | सदस्य |
| | श्री प्रदिप खनाल | वडा अध्यक्ष | ता.न.पा ७ | सदस्य |
| | श्री सोमनाथ अर्याल | वडा अध्यक्ष | ता.न.पा.८ | सदस्य |
| | श्री राजेश कुमार अर्याल | वडा अध्यक्ष | ता.न.पा.९ | सदस्य |
| | श्री हिमलाल पंगेनी | वडा अध्यक्ष | ता.न.पा.१० | सदस्य |

CamScanner

| | | | |
|---|---|---|---|
| श्री मेजर सिंह केसी | वडा अध्यक्ष | ता.न.पा.१२ | सदस्य |
| श्री टुकप्रसाद भट्टराई | वडा अध्यक्ष | ता.न.पा.१३ | सदस्य |
| श्री शोभाकर भट्टराई | वडा अध्यक्ष | ता.न.पा.१४ | सदस्य |
| श्री लक्ष्मी नेपाल | कार्यपालिका सदस्य | ता.न.पा. १ | सदस्य |
| श्री मन्जु वि.क | कार्यपालिका सदस्य | ता.न.पा. १ | सदस्य |
| श्री सविता भट्टराई | कार्यपालिका सदस्य | ता.न.पा. २ | सदस्य |
| श्री पुजा रावल | कार्यपालिका सदस्य | ता.न.पा. ५ | सदस्य |
| श्री लक्ष्मी विश्वकर्मा | कार्यपालिका सदस्य | ता.न.पा. ५ | सदस्य |
| श्री दिनेश गन्धर्व | कार्यपालिका सदस्य | ता.न.पा. ६ | सदस्य |
| श्री संजय घले | कार्यपालिका सदस्य | ता.न.पा. ४ | सदस्य |
| श्री अनु रामदाम | कार्यपालिका सदस्य | ता.न.पा. १० | सदस्य |
| श्री चेतनाथ गिरी | प्रमुख प्रशासकीय अधिकृत | ता.न.पा.का | सचिव |
| श्री अमर बहादुर राना डी.भी. | वडा अध्यक्ष | ता.न.पा.११ | |
| श्री सुनिता श्रेष्ठ | " | " ३ | |
| श्री दिर्घ बहादुर थापा | " | " ६ | |

**निर्णय नं. १**

तानसेन नगर कार्यपालिकाको मिति २०८३।०१।२९ गतेको बैठकबाट भएका निर्णयहरु कार्यान्वयनको समीक्षा गरियो ।

**निर्णय नं. २**

कृषि तथा पर्यटन मेलाको इजाजतको सम्बन्धमा छलफल गर्दा मेला सञ्चालन गर्दा नियमानुसार लाग्ने कर/दस्तुर लिई पाल्पा उद्योग वाणिज्य संघ र पाल्पा व्यापार संघ संस्थाहरुको सहमतिपत्रको आधारमा संयुक्त रुपमा संचालन गर्न निजहरुको संयुक्त प्रस्तावना माग गर्ने र तोकीएका शर्तका अधिनमा रही कार्य गर्नेगरी अनुमति दिने निर्णय गरियो ।

**निर्णय नं. ३**

तानसेन नगरपालिकाको १९ औं नगरसभाको अधिवेशन मिति २०८३ आषाढ ६ गते दिनको १.०० वजे ता.न.पा. सभाहलमा नीति तथा कार्यक्रम प्रस्तुत गर्नेगरी शुभारम्भ गर्ने निर्णय गरियो ।

**निर्णय नं.४**

प्रदेश लोकसेवा आयोग लुम्बिनी प्रदेशको सूचना नं. ८३/२०८२-२०८३ मिति २०८२/०८/२६ मा प्रकाशित सूचना तथा मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय लुम्बिनी प्रदेशको च.नं. १९९१ मिति २०८३।०२।०५ को पत्रानुसार देहायको पद/तहमा (कार्यक्षमताको मुल्याङ्कनद्वारा) हुने वढुवा नियुक्तिका लागि सिफारिस भई आउनुभएका सतिश यादवलाई मिति २०८३।०१।१९ गते देखि ज्येष्ठता कायम हुंने गरी स्थानीय निजामती सेवा ऐन २०८१ को दफा १८ वमोजिम तपशिल वमोजिमको सेवा/समूह/पद/तहमा नियुक्ति दिई तानसेन नगरपालिका नगर कार्यपालिकाको कार्यालय अन्तर्गत पदस्थापन गर्ने निर्णय गरियो ।

| | बढुवा नियुक्ति गरिएको सेवा समूह, उपसमुह तह, पद र निकाय |
|---|---|
| | तह: अधिकृत नवौं<br>पद: शिक्षा निर्देशक<br>सेवा: स्थानीय शिक्षा<br>समुह/उपसमुह: शिक्षा प्रशासन र परीक्षण तथा मूल्याङ्कन<br>तानसेन नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, पाल्पा |

**श्री सतिश यादव**
**कर्मचारी संकेत नं. २१८०६७**
**गुलरिया नगरपालिका-१, बर्दिया**

**निर्णय नं. ५**

यस कार्यालयमा कार्यरत स्वीपर (सरसफाइकर्मी) दिलमती दमाईको अवकास पश्चात प्राप्त हुने सेवा सुविधा भुक्तानीको सम्बन्धमा पेश भएको प्रतिवेदनं र कागजात माथि छलफल गर्दा नागरिकता प्रमाणपत्रको मितिलाई आधार मानी प्रतिवेदन पेश भएकोले सोही आधारमा नियमानुसार प्राप्त हुने रकम रु. ३०,१२,९०६। सेवासुविधा भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ६**

तानसेन नगरपालिका पर्यटकीय दृष्टिकोणले एउटा प्रमुख गन्तव्य रहेको र पर्यटकहरुलाई आकर्षणको केन्द्र विन्दु मानिने यस नगरमा पर्यटकीय झोलुङ्गे पूल निर्माण गर्न महत्वपूर्ण स्थान रहेको हुंदा तानसेन नगरपालिका वडा नं. ६ टुडिखेल र वडा नं. २ मंहल्धारा वीच पर्यटकीय झोलुङ्गे पुल निर्माण गर्नका लागि यातायात पूर्वाधार निर्देशनालय मार्फत यसको विस्तृत परियोजना प्रतिवेदन (DPR) तयारीको कार्य अगाडि बढाउने निर्णय गरियो । करीव २१६ मिटरको उक्त पुलको

चेतनाथ गिरि
प्रशासकीय अधिकृत

सन्तोष लाल श्रेष्ठ
प्रमुख

उल्लेखित प्रतिवेदन तयारीको लागि नगरपालिकाको आ.व. ०८३।०८४ को योजना तथा कार्यक्रममा समावेश गरी रु. २ लाख ५० हजार भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ७**

आ.व.२०८३।०८४ को लागि घरजग्गाको न्यूनतम मूल्याङ्कन, दररेटको सिफारिसको सम्बन्धमा श्री भूमि प्रशासन कार्यालय, पाल्पाको पत्र प्राप्त भएकोले आगामी वर्षको लागि घरजग्गाको न्यूनतम मूल्याङ्कन, दररेट भुमि प्रशासन कार्यालयवाट चालु आ.व.को लागि तोकिएको दरलाई नै आधार मानी निर्णय हुन राय सुझाव सहित सिफारिस गरि पठाउने निर्णय गरियो ।

**निर्णय नं. ८**

क) तानसेन नगरपालिका अन्तर्गत देहायका वडाहरुवाट वडा स्तरीय कार्यक्रम सञ्चालन गरी वील भरपाई सहित भुक्तानीको लागि पेश गरेकोमा आ.व. ०८२।०८३ मा तोकीएको वडास्तरीय योजना/कार्यक्रम शिर्षकवाट भुक्तानी दिने निर्णय गरियो ।

- तानसेन नगरपालिका वडा नं. ३ को रणउजिरेश्वरी भगवती क्लवको रकम रु.५५०००।
- तानसेन नगरपालिका वडा नं. ४ को शिवरात्री मेला कार्यक्रमको रु. २५०००।

ख) तानसेन नगरपालिका वडा नं. १२ को रतनपाडे मन्दिर पानी माग्ने कार्यक्रमको लागि पुजा सामान समेत पुजा व्यवस्थापनको लागि ता.न.पा को कला संस्कृति शिर्षकवाट रु.२१,०००। भुक्तानी दिने ।

ग) तानसेन नगरपालिका वडा नं. १४ को हृषिकेशव मन्दिर सिंदुर जात्राको लागि कला संस्कृति शिर्षकवाट रु. २७,०००। भुक्तानी दिने ।

घ) तानसेन नगरपालिका वडा नं. २ अमरनारायण मन्दिर जात्रा सञ्चालनको लागि ता.न.पा कला संस्कृति शिर्षकवाट रु. ५७०००। भुक्तानी दिने ।

**निर्णय नं. ९**

पाल्पा व्यापार संघ र नेपाली काङग्रेस जिल्ला कार्यसमितिले पाल्पाले वि.सं. २०८३ सालको भित्तेपात्रो प्रकाशनका लागि सहयोग माग भएकोमा तानसेन नगरपालिकाको चालु खर्च शिर्षकबाट रकम रु. १०,०००। (दशहजार) का दरले उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १०**

तानसेन नगरपालिकाको चालु आ.व. ०८२।०८३ को हालसम्म सम्पन्न भएका देहाय वमोजिमका योजनाहरु फरफारक गर्ने निर्णय गरियो ।

| सि.नं. | मिति | योजनाको नाम | वडा नं. | विनियोजित रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | २०८२।०९।०७ | सुकुम्बासीवस्ती देखि सुन्दरचोक जाने बाटो स्तरोन्नती | ६ | १०००००० | |
| २ | २०८२।०९।१६ | वडा कार्यालय गणशाल मोटरवाटो स्तरोन्नती | १० | ५००००० | |
| ३ | २०८२।०९।२२ | गोर्खेकोट पिपलडाँडा मोटरबाटो तानपा १ पाल्पा | १ | १०००००० | |
| ४ | २०८२।०९।२६ | पाकुरीबोट रातमाटा ठूलाघर मा.बा. | ११ | १०००००० | |
| ५ | २०८२।१०।०४ | बिसिन्चीदी टोलमा अपुरो बाटो स्तरोन्नती | १ | १०००००० | |
| ६ | २०८२।१०।२२ | ढुङ्गाखानी रानीकुवां भागौडा मो.बा. ता.न.पा. ११ | ११ | १०००००० | |
| ७ | २०८२।१०।२८ | रुरु गैसेवा व्यवस्थापन | १४ | २४६४२००७।१९ | |
| ८ | २०८२।१०।३० | बेल्टारी झो.पु. | ९ | २५४०२९३।३५ | |
| ९ | २०८२।११।६ | तेल्धा,सुन्डाडा,वडहरबोट,गुफाचौर मो.वा. | १० | १०५११५५।५३ | |

| | | | | | |
|---|---|---|---|---|---|
| १० | २०८२।११।०८ | हातेमानो चोक देखि हातेमालो घर मोटर बाटो तानपा १ | १ | १०००००० | |
| ११ | | सिद्धार्थ राजमार्ग देखि बालकन्या भगवती वडाकार्यालय बाटो | १० | ६२७२००० | |
| १२ | २०८२।११।०९ | माथिल्लो पक्लुवादेखि कुन्सरे बाटो | ७ | १०००००० | |
| १३ | २०८२।११।१० | शित्तलनगर देखि घुम्तीटोल सम्म बाटो स्तरोन्नती | १ | ४७००००० | |
| १४ | २०८२।११।१२ | अर्चले नेपालडांडा हुदै रिङ्गरोड मो.बा. स्तरोन्नती | ६ | ५००००० | |
| १५ | २०८२।१२।१ | देवकोटा चोक देखि चापचौर हुदै रक्साह बस्ती बिस्तार | ७ | ५००००० | |
| १६ | २०८२।१२।६ | मुक्तिमार्ग धुलेपूल मो.बा.ता.न.पा.७ | ७ | ५००००० | |
| १७ | २०८२।१२।१४ | गान्दीखोला पाडेखर्क कृषि सडक स्तरोन्नती | ८ | ५००००० | |
| १८ | २०८२।१२।१६ | दमकडा मा.वि.अधुरो छात्राबास भवन निर्माण ता.न.पा. ९ | ९ | १०७८५५८।३१ | |
| १९ | | मदनपोखरा स्वास्थ्यचौकी पूर्वाधार स्तरोन्नती | ९ | १०००००० | |
| २० | २०८२।१२।२१ | खयरतुङ्ग खानेपानी टंकी निर्माण | ११ | १०००००० | |
| २१ | | बर्तुङ्ग चापचौर मो.बा. | ७ | १९००००० | |
| २२ | २०८२।१२।३१ | देउराली गेझा मो.बा. | ८ | ५००००० | |
| २३ | | बर्तुङ्ग नयांगाउ बरभञ्ज्याङ्ग मो.बा. | ७ | ७९००००० | |
| २४ | २०८३।०१।१४ | देउराली गोर्खेकोट मो.बा.निर्माण | १ | ४०००००० | |
| २५ | २०८३।०२।०४ | दमकडा गोठुवा तीनपिप्ले मो.बा. | ९ | १०००००० | |
| २६ | | टक्सारटोलको बाटो स्तरोन्नती (ढुङ्गा छाप्ने कार्य) | ३ | २५००००० | |
| २७ | २०८३।०२।०५ | अमलाखर्क देखि दलित बस्तीसम्मको सडक स्तरोन्नती | १४ | २५००००० | |
| २८ | | बसौनीखोला देखि लाकुरी सम्मको बाटो कूलो र पर्खाल निर्माण | १४ | ८००००० | |
| २९ | | शवदाह लास पोल्ने घर | १४ | २५००००० | |
| ३० | | वडा गौरव फोस्रान करीडोर बाटो निर्माण योजना | १४ | १०००००० | |
| ३१ | | मिलनचोक सामुदायिक उपभोक्ता समितिको निर्माणाधिन भवन | १४ | १५००००० | |
| ३२ | २०८०।०२।१९ | सुरुङ्गतुङ्ग खोला गावुडाडा,वर्लादी छहरी टोल कृषि मो.वा. स्तरोन्नती एवं नया ट्र्याक खोल्ने | १० | ५००००० | |
| ३३ | | खाल्दुकधारा र प्रगतिशील टोलको ढल र बाटो स्तरोन्नति | १ | ५००००० | |
| ३४ | २०८०।०२।२० | देउराली लुहुङ्ग जोर्ते मो.बा. | १२ | ५००००० | |
| ३५ | | छात्राबास सापाखुम अर्चले मो.बा. | ५ | १०००००० | |

**निर्णय नं. ११**

तानसेन नगरपालिकाको योजना अनुगमन तथा सुपरिवेक्षण समितिवाट पेश भएको प्रतिवेदनबारे बैठकमा छलफल भयो । उक्त प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२**

प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

मिति २०८१।०१।३१ गतेको नगर शिक्षा समितिको निर्णयवाट तानसेन नगरपालिका वडा नं. ०५ सेतिपोखरी स्थित जनहित प्राथमिक विद्यालय र वडा नं. १३ स्थित ज्ञानोदय प्राथमिक विद्यालयमा विद्यार्थी संख्या नभएका कारण शिक्षक दरवन्दी अन्यत्र व्यवस्थापन गरिएकोमा १ शैक्षिक सत्र पुरा हुँदासम्म उक्त विद्यालयमा विद्यार्थी भर्ना भएर पठनपाठन हुने अवस्था नभएकाले वडा नं. ५ र वडा नं. १३ वडा कार्यालय मार्फत विद्यालयको चल तथा अचल सम्पत्तिको व्यवस्थापन गर्ने, सुरक्षा गर्ने, आवस्यकता अनुसार शिक्षा तथा सामाजिक विकासतर्फ मात्र प्रयोग गर्ने र सो को लेखापरीक्षण गरी उल्लेखित कार्यको विवरण तानसेन नगर कार्यपालिकाको कार्यालय समक्ष पेश गर्न सम्वन्धित वडा कार्यालयलाई निर्देशन दिने र उक्त विद्यालयहरु खारेज गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३**

तानसेन नगरपालिकावाट सञ्चालन भएको लहरेपिपल आधारभूत स्वास्थ्य केन्द्रको नाममा "ख" वर्गको एम्वुलेन्स सेवा सञ्चालनका लागि ने.प.नि.संघ पाल्पा शाखावाट रकम निकासा भई भन्सार विन्दुसम्मको व्यवस्थापन भईसकेको र भन्सार विन्दु देखि कार्यस्थलसम्मको ढुवानी खर्च र विमा लगायतमा लाग्ने रु. १ लाख ता.न.पा. को कन्टेन्जेन्सी शिर्षकवाट विनियोजन गर्ने र अन्य खर्च र "ख" वर्गको लागि आवस्यक पर्ने अन्य उपकरण व्यवस्थापनका लागि आवस्यक पर्ने रकम रु. ४,१६,०००। आगामी आ.व. ०८३।०८४ मा विनियोजन गरी भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. १४**

स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) को कार्यक्रम अवधि २०८३ आषाढ मसान्तसम्म मात्र रहने हुँदा सोही बमोजिम आयोजना सम्पन्न गर्न आवश्यक व्यवस्थापन मिलाउने निर्णय गरियो ।

**निर्णय नं. १५**

तानसेन नगरपालिका अन्तर्गत डुम्रे, सुनडाडा, तेल्घा, गुफाचौर होलाङ्दी सडकको प्रोजेक्ट म्यानेजर (DSC)को म्याद सकिएकोमा 1 April 2026 देखि 12 June 2026 सम्म नगर कार्यपालिकाबाट अनुमोदन हुने गरी का.वा. नगर प्रमुखस्तरवाट म्याद थप भएकोमा सोको अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १६**

तानसेन नगरपालिका वडा नं. ५ स्थित बनदेवीमा नयाँ बसपार्क निर्माण गर्ने कार्यको लागि यस नगरपालिका र Swambhu-Red earth-Hamal JV, Contract id TM/PLP/W/NCB/09/2079-80 बिच सम्झौता भई निर्माण कार्य अगाडी बढेकोमा उक्त निर्माण कार्यको म्याद मिति २०८३ कार्तिक २७ गते सम्म थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. १७**

तानसेन नगरपालिकाको आ.व. ०८२।०८३ को योजना तथा कार्यक्रमको अन्तिम सम्झौता २०८३ जेष्ठ मशान्तसम्म सम्म मात्र गर्नेगरी निर्णय गरियो ।

**निर्णय नं.१८**

तानसेन नगरपालिकाको आ.व.२०८२।०८३ को हालसम्मको आय व्यय विवरण बैठकमा जानकारी भयो । आय तर्फ रु.९२,५२,२०,९४०।९९ ।- र व्यय तर्फ रु.६६४२३०८९१।५१ को आय व्यय विवरण अनुमोदन गरी सार्वजनिक गर्ने निर्णय गरियो ।

**निर्णय नं.१९**

सेवा प्रदायक संस्था पाल्पा विकास केन्द्रवाट तानसेन नगरपालिकाको आ.व. ०८१।०८२ को सामाजिक परिक्षण (Social Audit) प्रतिवेदन छलफलका लागि पेश भएकोमा उक्त प्रतिवेदन सुझाव सहित अनुमोदन गर्ने निर्णय गरियो ।

चेतनाथ गिरी
प्रमुख प्रशासकीय अधिकृत

सन्तोष लाल श्रेष्ठ
नगर प्रमुख

CamScanner